बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८२।०८३
च.नं.:-

सुदूरपश्चिम प्रदेश, नेपाल


मितिः २०८३/०३/०१

**विषय: आर्थिक कारोबारको भुक्तानी बन्द हुने सम्बन्धमा सूचना।**

श्री बेलौरी नगरपालिकाका विषयगत शाखाहरू,
श्री वडा कार्यालयहरू/अन्य कार्यालयहरू (सबै),
श्री उपभोक्ता समितिहरू/निर्माण व्यवसायीहरू/आपूर्तिकर्ताहरू/फर्महरू,
श्री सरकारी विद्यालयहरू/संघ संस्थाहरू,
श्री सम्बद्ध सबै (व्यक्ति तथा निकायहरू)

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) मा भएको कानूनी प्रावधान बमोजिम यस बेलौरी नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को सम्पूर्ण आर्थिक कारोबारको भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै भुक्तानी गरी निकासा तथा खर्चको लेखा अद्यावधिक राखी नियमित भुक्तानी प्रक्रिया बन्द गर्नुपर्ने व्यवस्था रहेको छ। साथै, आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्यधिक कार्यचाप रहने, कर दाखिला, सङ्घ तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता, प्रतिवेदन तयारी, कोष तथा लेखा नियन्त्रण कार्यालयमा आवश्यक विवरण पेश गर्ने तथा वार्षिक हिसाब मिलान लगायतका कार्यहरु समेत सम्पन्न गर्नुपर्ने बाध्यता रहेको छ।

यस बेलौरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका शाखाहरू, वडा कार्यालयहरू, उपभोक्ता समितिहरू, निर्माण व्यवसायीहरू, आपूर्तिकर्ताहरू लगायत सम्बद्ध सबैले सञ्चालन गरेका सम्पूर्ण योजना, कार्यक्रम तथा गतिविधिहरु मिति २०८३/०३/१० गतेभित्र पूर्ण रुपमा सम्पन्न गरी भुक्तानीका लागि नियमानुसार पेस गर्नुपर्ने **खर्च पुष्ट्याई गर्ने बिल, भरपाई, सम्झौता, प्रतिवेदन लगायतका आवश्यक सबै प्रमाण र कागजातसहित मिति २०८३ असार १५ गतेभित्र** अनिवार्य रूपमा यस कार्यालयमा फायल पेस गरी भुक्तानी लिनुहुन अनुरोध गरिन्छ।

योजना तथा कार्यक्रम सम्पन्न नभएको वा भए पनि कागजात जाँचपास गर्ने तथा अनुगमन गर्ने अवधि समेत नराखी तोकिएको समयभन्दा ढिलो निवेदन पेस भई भुक्तानी प्रक्रिया बन्द भएमा वा भुक्तानी लिन नसकेका कारण सिर्जित दायित्वका सम्बन्धमा सम्बन्धित जिम्मेवार कर्मचारी, व्यक्ति, फर्म तथा सम्बद्ध पक्षनै कानूनी रूपमा उत्तरदायी तथा जवाफदेही हुने र यस सम्बन्धमा कार्यालय जवाफदेही हुन बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ। तसर्थ, आर्थिक वर्षको अन्त्यमा हुने कार्यचापलाई मध्यनजर गर्दै योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गरी भुक्तानी, लेखाङ्कन तथा वित्तीय व्यवस्थापनका कार्यहरु सहज र व्यवस्थित बनाउन आवश्यक समन्वय तथा सहकार्य गरिदिनहुन अनुरोध छ।

२०८३।३।१९
(ओम प्रसाद उपाध्याय)
**लेखा अधिकृत (सातौं)**

०८३।३।१९
(खेमराज जोशी)
**प्रमुख प्रशासकीय अधिकृत**

**कार्यार्थः-**

श्री प्रशासन शाखा: तत्काल सबै वडा कार्यालयहरू र अन्तर्गतका सबै कार्यालयहरूलाई जानकारी गराउने।
श्री वडा कार्यालयहरू: सबै उपभोक्ता समितिहरू र सरोकारवालाहरूलाई तत्काल जानकारी गराउने।
श्री आर्थिक प्रशासन शाखा: जानकारीका लागि अनुरोध छ।
श्री सूचना प्रविधि शाखा: नगरपालिकाको Website, Facebook Page मा Upload गर्नुहुन।